**मध्यपुर थिमि नगरपालिका**

**स्थानीय राजपत्र**

**मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित**

**बर्ष ६ मध्यपुर थिमि भक्तपुर फागुण ११, २०७९**

**भाग १**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

**संवत् २०७९ सालको ऐन नं. ७**

# मध्यपुर थिमि नगरपालिकाको आधारभूत सरसफाइ तथा फोहरमैला व्यवस्थापन विधेयक ,२०७९

**प्रस्तावना:** आधारभूत स्वास्थ्यप्रति नगरवासीहरूमा जागरुकता अभिवृद्धि गरी प्राकृतिक एवं मानव उत्पादित फोहरमैलाको स्रोतमा वर्गिकरण,न्यूनीकरण,पुनः प्रयोग,प्रशोधन,एवं विर्सजन गर्ने व्यवस्था कायम गर्दै घर,आँगन,चोक, टोल र सडक सफा राखी जनस्वास्थ्य एवं वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभावलाई कम गरी नगरपालिका, निजी क्षेत्र तथा समुदायको सहभागितामानगरपालिकालाई स्वच्छ,स्वस्थ वातावरणयुक्त पर्यटकीय नगरको रुपमा स्थापित गर्न उद्देश्यलेनेपालको संविधान २०७२ को धारा २२६र स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२बमोजिम मध्यपुर थिमि नगरपालिकाको सातौं नगरसभाले यो ऐन बनाएकोछ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:**(१) यस विधेयक नाम "मध्यपुर थिमि नगरपालिकाको आधारभूत सरसफाइ तथा फोहोरमैला व्यवस्थापन ऐन,२०७५" रहेको छ ।

(२) यो ऐन मध्यपुर थिमि नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मितिदेखि लागूहुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेका यस ऐनमा;

(क) " उपप्रमुख" भन्नाले मध्यपुर थिमि नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(ख) "औद्योगिक फोहरमैला"भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्कासन हुने हानिकारक तथा प्रदूषित फोहरमैला सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले मध्यपुर थिमि नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) "घरेलु फोहरमैला" भन्नाले घरायसी प्रयोजनका क्रममा निष्कने काम नलाग्ने वा तत्काल प्रयोग गर्न नसक्ने पदार्थलाई सम्झनु पर्छ ।

(ङ) "टोल विकास संस्था/टोल सुधार समिति" भन्नाले स्थानीय रुपमा उपलब्ध श्रम,सीप र साधन तथा अवसरलाई अधिकतम परिचालन गरी टोल/बस्ती/समाजको सामाजिक,आर्थिक,भौतिक र भौतिक सुधारका लागि गठित स्थानीय स्तरमा गठित संस्था/समितिलाई सम्झनु पर्छ ।

(च) "नगरपालिका"भन्नाले मध्यपुर थिमि नगरपालिकालाई सम्झनुपर्छ।

(छ) "निष्कासन"भन्नाले फोहरमैला उत्पादन स्थलबाट नगरपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनुपर्दछ ।

(ज) "प्रमुख"भन्नाले मध्यपुर थिमि नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत"भन्नाले मध्यपुर थिमि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ

(ञ) "फोहरमैला"भन्नाले घरेलु,औद्योगिक,रासायनिक,प्लाष्टिक र पूरानो भवन भत्काउँदा निस्कने फोहर शीशाजन्य,मासु तथा पशुजन्य,कृषिजन्य,स्वास्थ्य संस्थाजन्य, सवारी साधनजन्य वा हानिकारक फोहरमैला संझनुपर्दछ र सो शब्दले तत्काल प्रयोग हुन नसकेका,फालिएका,सडेगलेका,वातावरणमा प्रतिकूल हुने गरी निष्कासन गरिएका ठोस,तरल,ग्याँस,लेदो,धूवाँ,धूलो विधुतीय एवं सूचना प्रविधिसँग सम्बन्धित सामग्री तथा त्यस्ते प्रकारका सार्वजनिक स्थलमा टाँसिएका पोस्टर,पम्पलेट,पर्चा,फ्लेक्स बोर्ड तथा तोकिएका अन्य सामग्रीहरू समेतलाई सम्झनुपर्छ ।

(ट) "फोहरमैला प्रशोधन"भन्नाले फोहरमैलाको स्वरुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने मल,ग्याँस,ऊर्जा वा अन्य वस्तु उत्पादन गरी फोहरमैला व्यवस्थापन गर्ने प्रक्रिया सम्झनुपर्छ।

(ठ) "फोहरमैला व्यवस्थापन"भन्नाले फोहरमैलाको स्रोतमा पृथकीकरण,संकलन,प्रशोधन,विसर्जन वा फोहरमैलाको अन्तिम व्यवस्थापन गर्ने वा सो को व्यवसाय गर्ने कार्यलाई समेत सम्झनुपर्छ ।

CamScanner

(ड) "फोहरमैला संकलन"भन्नाले फोहरमैला उत्पादन स्थलबाट उठाउने,घरघरबाट संकलन गर्ने,सार्वजनिक स्थलबाट बढार्ने,थुपार्ने,झारपात उखेल्ने,सार्वजनिक स्थलमा राखिएका पोष्टर,पम्पलेट ब्यानर आदि उप्काउने र संकलन गर्ने कार्यलाई सम्झनुपर्छ ।

(ढ) " फोहरमैला व्यवस्थापन स्थल " भन्नाले फोहरमैला विसर्जन वा प्रशोधन गर्नका लागि नगरपालिकाले तोकेको स्थल सम्झनु पर्छ ।

(ण) "विर्सजन"भन्नाले फोहरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन सम्झनुपर्छ ।

(त) "विषयगत शाखा " भन्नाले मध्यपुर थिमि नगरपालिकाको कार्य विभाजन नियमावली बमोजिमको विषयगत शाखा सम्झनु पर्छ ।

(थ) "वडाध्यक्ष" भन्नाले नगरपालिकाको वडाको वडाध्यक्ष सम्झनु पर्छ ।

(द) "वडा समिति"भन्नाले मध्यपुर थिमि नगरपालिकाकोवडा समितिलाई सम्झनुपर्छ ।

(ध) "समिति" भन्नाले दफा २१ बमोजिमको समिति सम्झनु पर्छ । सो शब्दले दफा २३ बमोजिमको समितिलाई समेत जनाउनेछ ।

(न) "व्यवस्थापनस्थल" भन्नाले फोहरमैला व्यवस्थापन स्थल सम्झनुपर्छ ।

(प) "रासायनिक फोहरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै श्रोत तथा प्रकृयावाट निस्कने मानब स्वास्थ्य लगायत जीव जन्तु एवँ वातावरणमा प्रतिकूल असर पार्ने रासायनिक पदार्थहरू वा समय समयमा नेपाल सरकार वा नगरपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहर भनी तोकेको ठोस,तरल,धुलो,लेदो,ग्याँस लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

(फ) "सार्वजनिक शौचालय" भन्नाले सर्वसाधारणले प्रयोग गर्ने गरी कुनै व्यक्ति, संस्था वा निकायको स्वीकृतिमा त्यस्ता व्यक्ति, संस्था वा निकायको जमीनमा वा सार्वजनिक जग्गामा निर्माण तथा सञ्चालनगरिएको शौचालय सम्झनुपर्छ ।

(ब) "सामुदायिक संस्था"भन्नाले नाफा आर्जन नगर्ने उद्देश्यले समुदायको हितको लागि प्रचलित कानून बमोजिम स्थापित सहभागितामूलक प्रकृतिको टोल विकास संस्था तथा उपभोक्ता समूह र गैरसरकारी संस्था सम्झनु पर्छ ।

(भ) " सार्वजनिक नीजि साझेदारी " भन्नाले सार्वजनिक क्षेत्र(नगरपालिका) र नीजि क्षेका बीचमा कुनै काम गर्ने सम्वन्धमा कानून बमोजिम आपसी सहमतिमा हुने लाभ,लागत र जोखिमको साझेदारीलाई सम्झनु पर्छ ।

(म) "संकलन केन्द्र"भन्नाले घर घरबाट निस्कने फोहरमैला संकलन गरी निर्धारित समयसम्म थुपार्न नगरपालिका वा वडाले तोकेको स्थान सम्झनु पर्दछ र घरघरमा फोहरमैला संकलन गर्न आउने नगरपालिकाले तोकेको फोहरमैला संकलन गर्ने व्यक्ति, संस्था वा निकाय वा फोहरमैला संकलन गर्ने साधन समेतलाई सम्झनुपर्छ ।

(य) "संकलनगरपालिकात्र" भन्नाले फोहरमैला संकलन गर्ने, बाल्टी, डस्टविन, कन्टेनर लगायतका सामग्री सम्झनुपर्छ ।

(र) "स्वास्थ्य संस्थाजन्य फोहरमैला" भन्नाले अस्पताल,क्लिनिक,फार्मेसी,औषधि पसल,ब्लड बैंक,प्याथोलोजिकल प्रयोगशाला,पशु स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्कासन हुने हानिकारक फोहरमैला सम्झनु पर्छ ।

(ल) "हानिकारक फोहरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने,मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्कासित वस्तु,पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

(व) तोकिएको वा तोकिए बमोजिम"भन्नाले यस ऐन अन्तर्गतको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद २

## आधाभुत सरसफाइ तथा फोहरमैलाको प्रवर्द्धनात्मक कार्य सम्बन्धी व्यवस्था

३. <u>फोहरमैला उत्पादन कम गर्ने:</u> (१) फोहरमैला व्यवस्थापनका लागि फोहरमैला व्यवस्थापन स्थल,प्रशोधन प्लान्ट,वायोग्याँस प्लान्ट लगायत फोहरमैलाको संकलन,अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने मुख्य जिम्मेवारी नगरपालिकाको हुनेछ ।

(२) फोहोरमैला संकलन केन्द्र वा कुनै स्थानमा फालिएको वा राखिएको फोहोरमैला वा सफाइको सिलसिलामा जम्मा भएको फोहोरमैलाको आवश्यक प्रबन्ध गर्ने वा कुनै किसिमबाट प्रयोग गर्ने जिम्मेवारी र अधिकार नगरपालिकाको हुनेछ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

CS CamScanner

(३) कुनै व्यक्ति, परिवार, व्यवसायिक संस्था वा निकायले कुनै काम, व्यवसाय वा कारोबार गर्दा उत्पादन हुने फोहरमैला यथाशक्य कम गर्नु पर्नेछ । नगरपालिकाले फोहरमैला न्यूनीकरण, पुन: प्रयोग तथा पुन: चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न समन्वयात्मक व्यवस्था मिलाउने छ र यसको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक निर्देशिका बनाइ लागू गर्न सक्नेछ ।

(४) आफ्नो घरपरिवार, आँगन, टोल, सडक र सार्वजनिक स्थानमा उत्पादन भएको फोहरमैला पुन: प्रयोगको व्यवस्था मिलाई फोहरमैलाको परिमाणलाई घटाएपछि मात्रफोहरमैला निष्कासन गर्नु व्यक्ति, परिवार, टोल विकास संस्था, स्थानीयवासी वा निकायको कर्तव्य हुनेछ ।

(५) नगरपालिकाले फोहरमैला संकलनस्थललाई सरसफाइ केन्द्रका रुपमा विकसित गरी व्यवसायिक रूपमा सञ्चालन गर्न सक्नेछ ।

४. **<u>स्रोतमा फोहरमैला पृथकीकरण गर्नु पर्ने</u>**: (१) प्रत्येक व्यक्ति, परिवार, होटल, लज, रेष्टुराँ, औद्योगिक प्रतिष्ठान,व्यवसायी, नगरवासी तथा संघसंस्था वा निकायले अनुसूची -१ बमोजिम स्रोतमा फोहरमैला पृथकीकरण गर्नु पर्नेछ ।

(२) स्रोतमा फोहरमैला पृथकीकरण गर्दा जैविक,अजैविक,पुन: प्रयोग हुने र खतराजन्य फोहरमैला अलगअलग छुट्याएर राख्नु पर्नेछ।

(३) नगरपालिकाले फोहरमैला संकलन गर्ने दिन, समय र स्थान छुट्याइ अलग अलग दिनमा जैविक,अजैविक,पुन: प्रयोग हुने र तोकिए बमोजिमका हानिकारक, खतराजन्य फोहोर संकलन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(४) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला,स्वास्थ्य संस्थाजन्य फोहरमैला,रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरीदिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्माण गरेको फोहरमैला स्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहरमैलाको व्यववस्थापन गरीदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

(५) हानिकारक वा खतराजन्य वा रासायनिक फोहरमैला संकलन केन्द्रमा निष्कासन गर्न पाइने छैन । हानिकारक फोहरमैला,स्वास्थ्य संस्थाजन्य फोहरमैला वा औद्योगिक फोहरमैलाको प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधिनमा रही फोहरमैला उत्पादन गर्ने ब्यक्ति वा निकायको हुनेछ ।

(६) नगरपालिकाले जैविक र अजैविक फोहोर संकलनका लागि सार्वजनिक स्थलमा संकलनगरपालिकात्र राख्न सक्नेछ ।

(७) नगरपालिकाले फोहरमैला व्यवस्थापन तथा वातावरण संरक्षणका लागि अलग्गै एकाइ सञ्चालनमा ल्याइ काम गर्नसक्नेछ ।

## परिच्छेद ३

## <u>आधाभूत सरसफाइ तथा फोहरमैला सम्बन्धी निषेधात्मक व्यवस्था</u>

५ **<u>सार्वजनिक स्थलमा फोहर फाल्न निषेध गरिएको</u>**:(१) नगरपालिका क्षेत्रभित्र निजी घर बाहिर वा वरिपरि,सडक,नाला वा सार्वजनिक स्थल वा अन्य कुनै पनि खुल्ला स्थानमा कुहिने वा नकुहिने जुनसुकै प्रकारको फोहर जथाभावी फाल्न निषेध गरिएको छ ।

(२) व्यक्ति घरपरिवार,पसल,होटल,उद्योग,स्वास्थ्य संस्था वा अरु कसैले पनि तोकिएको समय र स्थानमा मात्र फोहर निष्कासन गर्नुपर्ने छ ।

(३) नगरपालिकाले जैविक र अजैविक फोहर संकलन तथा व्यवस्थापनका लागि सार्वजनिक स्थलमा राखिएको भाँडोमा व्यवस्थित रुपमा राख्न मिल्ने फोहोर मात्र राख्नु पर्नेछ । तोकिएको फोहोर संकलन गर्न राखिएको भाँडोमा बाहेक अन्य फोहोर फाल्न पाइने छैन ।

६. **<u>नगरपालिकाले प्रतिबन्ध गर्न सक्ने</u>**: (१) कार्यपालिकाले नगरक्षेत्र भित्र कुनै उद्योगी,व्यवसायी वा कसैबाट उत्पादन गरिएका वाव्यवसाय गरिएका शीशा वा प्लाष्टिकका वोतल वा सामग्रीको प्रयोग वाव्यवसाय गर्न प्रतिबन्ध लगाउन सक्नेछ।

(२) कार्यपालिकाले नगरक्षेत्रभित्र जथाभावी पशुपन्छी हिँडाउन,सवारीसाधनजन्य फोहर उत्पादन गर्न,तोकिएको स्थान बाहेक सडक वा सडक क्षेत्राधिकारलाई प्रयोग गरी सवारी मर्मतसम्भार गर्ने व्यवसाय गर्न तथा निर्माण सामग्री सडकको दायाँसम्बन्धी राख्न निषेध गर्न सक्नेछ ।

७. **<u>पशुपन्छीजन्य फोहरमैलाको व्यवस्थापन</u>**:(१) कसैले निजी वा व्यवसायिक प्रयोजनका लागि पशुपन्छी पालन गरेकोमा त्यस्तो पशुपन्छीबाट निस्केको फोहरमैला व्यवस्थापन गर्ने दायित्व सम्बन्धित व्यक्ति, संस्था वा निकायको हुनेछ ।

(२) उपदफा (१) बमोजिम पशुपन्छी पालन गर्दा निस्कने फोहरमैला व्यवस्थापन गर्न प्रमुखले आदेश दिन सक्नेछ ।

(३) नगरपालिकाले नगरवासीको स्वास्थ्य र नगरको वातावरणमा प्रतिकूल असर पर्ने गरी मुख्य बजार तथा आवासीय क्षेत्रमा व्यवसायिक पशुपन्छी पालन गर्न रोक लगाउन सक्नेछ ।

(४) नगर क्षेत्रमा पशुपन्छीको फोहरमैला व्यवस्थापन सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ ।

मध्यपुर थिमि नगरपालिका 2072

CamScanner

परिच्छेद ४

**आधाभुत सरसफाइ तथा फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था**

८. **फोहरमैलाको वर्गिकरण, संकलन तथा ढुवानी:**(१) फोहरमैलाको निष्काशनको सयम,स्थान र तरिका, केन्द्र नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) नगरपालिकाले फोहरमैला न्यूनिकरण,पुन : प्रयोग तथा पुन : चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न समन्वयात्मक व्यवस्था मिलाईने छ र यसको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(३) संकलन केन्द्रमा जम्मा भएको फोहरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व नगरपालिका वा नगरपालिकाले व्यवस्था गरेको संस्था, समूह वा निकायको हुनेछ ।

(४) उपदफा (१) बमोजिम फोहरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ । नगरपालिकाले यस्तो साधन तोक्दा तौल,तरिका,सडकको क्षमता तथा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नुपर्नेछ ।

(५) हानीकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति,संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

(६) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला संकलन केन्द्र वा स्थानान्तरण केन्द्रमा घरयसी फोहोरमैलामा मिसाउन पाइने छैन ।

(७) कुनै पनि संरचना एवँ घर निर्माण तथा मर्मत सम्भार गर्दा निष्कने फोहरको व्यवस्थापन गर्ने दायित्व सम्बन्धित उत्सर्जन कर्ताको हुनेछ । तर उत्सर्जन कर्ताले नगरपालिका वा अन्य फोहर संकलन गर्ने नीजि क्षेत्र वा समुहलाई तोकिए बमोजिमको शुल्क बुझाई सेवा लिन सक्नेछ ।

(८) यस दफा बमोजिम फोहरमैला ढुवानी गर्दा दफा ४ बमोजिम स्रोतमा छुट्याइ निष्कासन तथा संकलन गरिएको फोहरमैलाको अलग अलग ढुवानी गर्नु पर्नेछ ।

९ **फोहरमैला व्यवस्थापनस्थल तथा केन्द्र सम्बन्धी व्यवस्था:**(१) नगरपालिकाले आफनो क्षेत्रभित्र संकलन भएको फोहरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नका लागि वातावरण सम्वन्धी प्रचलित कानूनको अधिनमा रही फोहरमैला व्यवस्थापन तथा प्रशोधन स्थल तोक्न सक्नेछ ।

(२) नगरपालिकाले फोहरमैला व्यवस्थापन स्थल तोक्नका लागि जग्गाको अभाव भएमा उपयुक्त जग्गाको छनौट गरी उपलव्ध गराउनका लागि संघीय सरकार र प्रदेश सरकार समक्ष अनरोध गर्न सक्नेछ ।

(३) फोहरमैला व्यवस्थापन स्थल तोक्नको लागि नगरपालिकाको जग्गा नभएमा वा जग्गा भए तापनि फोहरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नदेखिएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी वा अन्य संघसंस्था वा निकायसँग आपसी सहमतिमा व्यवस्थापन स्थल तोक्न सक्नेछ ।

(४) यस्तो सरसफाइ फोहरमैला व्यवस्थापन स्थल आवश्यकता अनुसार वडा तहमा पनि विस्तार गर्न सकिनेछ।

(५) सरसफाइ संकलन तथा प्रशोधन केन्द्रको सञ्चालन व्यवसायिक रुपमा पनि गर्न सकिनेछ । यस सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) उपदफा (१) बमोजिमको स्थल वा नगरपालिकाले तोकी दिएको स्थानमा कुहिने फोहोरलाई कम्पोष्ट मल बनाउनु पर्नेछ । यसरी कम्पोष्ट मल बनाउँदा तोकिए बमोजिम जैविक वा अजैविक विधिको प्रयोग गरी फोहोरबाट गन्ध नआउने व्यवस्था मिलाउनु पर्नेछ ।

(७) सरसफाइ संकलन तथा प्रशोधन केन्द्र तथा यसको सञ्चालन सम्बन्धी मापदण्ड तोकिए बमोजिम हुनेछ।

(८) नगरपालिकाले अर्को कुनै एक वा सोभन्दा बढी स्थानीय तह समेतले संयुक्त रुपमा एउटै फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न उपयुक्त भएमा त्यस्ता स्थानीय तह बीच आवश्यक समन्वय गरी त्यस्तो स्थानलाई सम्वन्धित स्थानीय तहहरूको लिखित सहमति र शर्तमा संयुक्त रुपमा प्रयोग गर्ने गरी व्यवस्था मिलाउन सक्नेछ ।

(९) नगरपालिकाले फोहरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय रुपले संवेदनशील क्षेत्र घोषणा गरी गर्न सक्नेछ । साथै उक्त क्षेत्रमा पशुपन्छी,जिवजन्तु तथा मानवको अनाधिकृत प्रयोगलाई रोक लगाउने,माटो,ढुंङ्गा,गिट्टी र बालुवा निकाल्ने कार्यमा रोक लगाउनुको साथै वातवरण संरक्षण र त्यस्तो क्षेत्रको उचित व्यवस्थापनका मापदण्ड जारी गरी लागू गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिमको संवेदनशील क्षेत्रमा कार्यालयवाट अनुमति नलिई कुनै पनि व्यक्ति,संस्था वा निकाय प्रवेश गर्न वा फोहरमैला विसर्जन गर्न सक्ने छैन । अनुमति नलिई प्रवेश गरेको पाईएमा वा पुष्टी भएमा प्रत्येक पटकको तोकिए बमोजिम जरिवाना गरिनेछ ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

## परिच्छेद- ५
## घरेलु तथा सामुदायिक तरल फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

१०. **घरमा चर्पी र सेफ्टी ट्याङ्क अनिवार्य रुपमा बनाउनु पर्ने :**(१) कसैले पनि चर्पीको फोहोर सडक वा खुला नालामा वा खुला रुपमा विसर्जन गर्न पाउने छैन ।

(२) नगरपालिका क्षेत्रमा बन्ने नयाँ भवनमा चर्पी र सेफ्टी ट्याङ्क सोक पिटअनिवार्य रुपमा भएको हुनु पर्नेछ । नगरपालिका क्षेत्रमा बन्ने नयाँ भवनमा सेफ्टी ट्याङ्की बनाउने स्थान स्पष्ट नखुलेसम्म नक्सापास गरिने छैन साथै सेफ्टी ट्याङ्क बनेको प्रमाण पेश नगरेसम्म दोस्रो चरणको भवन निर्माण अनुमति प्रदान गरिने छैन ।

(३) यो ऐन लागू हुनुपूर्व निर्माण भईसकेका भवनमा सेफ्टी ट्याङ्की नभएको भए सामूहिक वा सार्वजनिक सेफ्टी ट्याङ्की निर्माण गरी सोको व्यवस्थापन गर्ने जिम्मेवारी टोल विकास संस्था वा वडा कार्यालयको हुनेछ ।

तर टोल विकास संस्था वा वडा कार्यालयहरूबाट सेफ्टी ट्याङ्कको व्यवस्थापन एवं प्रशोधन हुन नसकेमा नगरपालिकाले सोको व्यवस्थापन गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (३) बमोजिम टोल विकास संस्था वा वडा कार्यालय वा नगरपालिकाले सामूहिक वा सार्वजनिक सेफ्टी ट्याङ्क निर्माण गरी सञ्चालन एवं व्यवस्थापन गरेकोमा नगरपालिकाको निर्णय अनुसार सेवा शुल्क लगाउन सक्नेछ।

११. **सार्वजनिक शौचालय सम्बन्धी व्यवस्था:**(१)नगरपालिकालेसर्वसाधारणले प्रयोग गर्ने गरी कुनै व्यक्ति, संस्था वा निकायको सहमति र सहकार्यमा त्यस्ता व्यक्ति, संस्था वा निकायको जमीनमा वा सार्वजनिक जग्गामा सार्वजनिक शौचालय निर्माण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिने शौचालयको सञ्चालन टोल विकास संस्था वा बजार व्यवस्थापन समिति वा निजी क्षेत्र वा वडा कार्यालय मार्फत गरिनेछ ।

(३) कुनै पनि व्यक्ति, संस्था वा निकायले नगरपालिकाको पूर्व स्वीकृति नलिई नगरपालिका क्षेत्रभित्र सार्वजनिक शौचालय निर्माण वा सञ्चालन गर्न पाउने छैन ।

(४) सार्वजनिक शौचालय निर्माण तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ६
## चिकित्साजन्य तथा औद्योगिक फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

१२. **अस्पताल तथा स्वास्थ्य संस्थाको फोहरमैला व्यवस्थापन सम्बन्धी विशेष व्यवस्था:**(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने अस्पताल तथा स्वास्थ्य संस्थाले नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिकाद्वारा लागू गरिएको स्वास्थ्यसंस्थाजन्य फोहोर व्यवस्थापन सम्बन्धी कार्यविधि तथा मापदण्ड निर्देशिकाको पूर्ण पालना गर्नु पर्नेछ ।

(२) स्वास्थ्य संस्था स्थापना गर्नका लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनु पूर्व फोहरमैला व्यवस्थापन सम्वन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको यकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ ।

(३) अस्पताल वा स्वास्थ्य संस्थामा बिरामीको चाप र सेवाको स्तर हेरी अटोक्लोभ वा मिनि अटोक्लोभ मेशिनको प्रयोगद्वारा जोखिमपूर्ण फोहरमैला निर्मलीकरण गरेर मात्र तोकिएको ठाउँमा विसर्जन गर्नु पर्नेछ ।

(४) अस्पताल वा स्वास्थ्य संस्थाले पर्याप्त मात्रामा सुई काट्ने औजार (निडल कटर) राखी प्रयोग गरिएका सुईजन्य सामग्री टुक्रयाएर तोकिएको ठाउँमा विसर्जन गर्नु पर्नेछ ।

(५) स्वास्थ्य संस्थाको डेलिभरी,अपरेशन थिएटर र ड्रेसिङ कोठा आदिमा स्रोतमा नै फोहोर छुट्याउनको लागि आवश्यकता अनुसारका संकलनगरपालिकात्र स्वीकृति स्त्याण्ड बनाउनु पर्नेछ ।

(६) स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा संस्थाको लागि मास्क,बुट,पन्जा चस्मा,एप्रोन,भाईरेक्स र फिनेल आवश्यक मात्रामा उपलब्ध गराउनु पर्नेछ ।

(७) अस्पताल तथा प्रसूति केन्द्रहरूमा सालनाल व्यवस्थापन गर्नका लागि प्लासेन्टा पिट अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(८) स्वास्थ्य संस्थाले कुहिने प्रकृतिका फोहोर विर्सजनको लागि उचित किसिमको खाल्डो र नकुहिने प्रकृतिका फोहोर विर्सजनको निमित्त डढाउने मेशिन (इन्सिनेरेटर) को व्यवस्था गर्नु पर्नेछ ।

(९) उपचारको क्रममा काट्नु फाल्नु पर्ने मानव अङ्ग जथाभावी विसर्जन गर्न पाइने छैन । यस्ता फोहरजन्य सामग्री तोकिए बमोजिम व्यवस्थापन गर्नु पर्नेछ ।

१३. **रासायनिक विषादी सम्वन्धी व्यवस्था:** (१)रासायननिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधिनमा रही गर्नु पर्नेछ ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधिनमा रही नष्ट गर्ने जिम्मेवारी सम्वन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

CamScanner

## परिच्छेद -७

**सार्वजनिक निजी साझेदारीमाफोहरमैला व्यवस्थापन सेवा र पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन सम्बन्धी व्यवस्था**

१४. **निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने** : (१) यस ऐन बमोजिम नगरपालिकाले कुनै व्यक्ति,स्थानीय निर्माण व्यवसायी,संस्था वा कम्पनीसँग फोहरमैला व्यवस्थापनसँग सम्बन्धित सेवा र संरचना एवं पूर्वाधारहरूको निर्माण,सञ्चालन तथा व्यवस्थापनमा निजी लगानीकर्तासँग साझेदारी गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकाले सेवाको अवस्था, पूर्वाधारको अवस्था,आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरू अवलम्बन गरी निजी साझेदारसँग लगानी प्राप्त गर्ने, जोखिम र प्रतिफल बाँडफाँड गर्ने गरी निश्चित अवधिका लागि सम्झौता गर्न सक्नेछ :-

(क) सञ्चालन तथा व्यवस्थापन : अधिकतम ५ वर्षका लागि,
(ख) निर्माण,सञ्चालन तथा हस्तान्तरण : ७ देखि १५ वर्षका लागि ,
(ग) निर्माण,स्वामित्वकरण,सञ्चालन तथा हस्तान्तरण : १५ देखि २० वर्षका लागि,
(घ) लिज वा कन्सेसन : सम्झौतामा तोकिएबमोजिम वा अधिकतम २२ वर्ष ।

१५. **प्रस्ताव आव्हान गर्न सक्ने** : (१) नगरपालिकाले दफा २७ बमोजिम पूर्वाधार संरचनाहरूको निर्माण वा मौजुदा संरचनाहरूको सञ्चालन तथा व्यवस्थापनका लागि मनसायपत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्न चाहने व्यक्ति,संस्था वा निजी व्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरू खोली प्रस्ताव पेश गर्नु पर्नेछ :-

(क) प्रदान गरिने सेवा वा निर्माण गर्नु पर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण,
(ख) अनुमानित लागत,
(ग) वित्तीय श्रोत ,
(घ) वातावरणीय प्रतिवेदन (आवश्यक भएको अवस्थामा),
(ङ) कार्यान्वयनको विवरण,
(च) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यूनीकरण गर्ने प्रस्तावित उपायहरू,
(छ) परियोजनाको नक्सा तथा ड्रइङ,डिजाईनसहितको विस्तृत आयोजना प्रतिवेदन,
(ज) प्रस्तावित शुल्क र करार अवधि ,

१६. **प्रस्ताव छनौट र संझौता** : (१) प्राप्त भएका प्रस्ताव उपर नगरपालिकाले विज्ञ टोलीद्वारा तपसिलका आधारहरूमा मूल्याङ्कन गराइ प्रस्ताव छनौट गर्न सक्नेछ,

(क) पूर्वाधारबाट उपलब्ध हुने सेवा तथा सुविधाको गुणस्तर,
(ख) प्रस्तावित निजी लगानी ,
(ग) सेवा शुल्क र रोयल्टी रकम,
(घ) लिज अवधि ,
(ङ) प्रविधिको नौलोपन,स्थानीय रोजगारीको अवसरमा वृद्धि ।

(२) उपदफा (१) मा उल्लेखित आधारहरूबाट उपयुक्त देखिएको प्रस्तावकसँग नगरपालिकाले दफा १० को उपदफा (२) बमोजिमको किटान गरी साझेदारी सम्झौता गर्न सक्नेछ ।

(३) साझेदारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **सञ्चालन तथा व्यवस्थापन**: (१) सम्झौता अवधिभरि प्रदान गरिने सेवा वा पूर्वाधार संरचनाको सञ्चालन तथा व्यवस्थापनको दायित्व सम्बन्धित साझेदारको हुनेछ ।

(२) साझेदारसँग भएको मूल सम्झौतामा संशोधन गर्न सकिने छैन तर सम्झौताको कुनै बुँदामा संशोधन गर्नु परेमा सोको कारणसहित एक पक्षले अर्को पक्षलाई कम्तीमा ६ महिना अगावै लिखित सूचना दिनु पर्नेछ । आवश्यकता तथा औचित्यताको आधारमा दुवै पक्षको सहमतिमा त्यस्तो संशोधन गर्नुपर्ने बुँदा हेरफेर वा संशोधन गर्न सकिनेछ ।

(३) यस परिच्छेद बमोजिम साझेदारीमा सञ्चालनगरिने सम्बन्धी अन्य कुरा प्रचलित कानून तथा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-८

**कसूर, दण्ड सजायतथा पुनरावेदन**

१८. **कसूर तथा दण्ड सजाय**: (१) कसैले दफा ४ को उपदफा (१), (२), (३) र (४) बमोजिमको कार्य पटक पटक गरेमा त्यस्तो कार्य गर्ने व्यक्ति, संस्था वा निकायलाई प्रमुखले पटकै पिच्छे रु. ५ हजारसम्म जरिवाना गरी नगरपालिकाले दिइने सेवा स्थगन वा रोक्का गर्न सक्नेछ ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

(२) दफा ४ को उपदफा (५) बमोजिमको कार्य गरेमा त्यस्तो कार्य गर्ने व्यक्ति, संस्था वा निकायलाईप्रमुखले पटकै पिच्छे रु. ३० हजार देखि ५० हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(३) दफा ५ को उपदफा (१) बमोजिम कसैले तोकिएको स्थान बाहेक अन्यत्र कुहिने वा नकुहिने फोहर फालेमा वा दफा ५ को उपदफा (२) र (३) बमोजिमको कार्य गरेमा वडाध्यक्षले पहिलो पटकका लागि ५ हजार रुपैयाँ र त्यसपछि पटकै पिच्छे ५ हजार ५ सय रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

(४) उपदफा (३) र दफा ५ को उपदफा (१), (२) र (३) बमोजिम पटक पटक कारबाही गर्दा समेत निजले फोहर व्यवस्थापन नगरेमा नगरपालिकाले त्यस्तो फोहर व्यवस्थापन गर्न सक्नेछ । यसरी फोहर व्यवस्थापन गर्दा लागेको खर्चमा सतप्रतिशत जरिवाना थप गरी निजबाट असूल उपर गरिनेछ ।

(५) दफा ६ को उपदफा (१) बमोजिम नगरपालिकाले लगाएको प्रतिबन्धको पालना नगर्ने उद्योगी, व्यवसायी वा त्यस्तो कार्य गर्ने स्थानीय व्यक्ति, संस्था वा निकायलाई प्रमुखले पहिलो पटक भए रु. २५ हजारसम्म र पटकै पिच्छे रु. ५० हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(६) दफा ६ को उपदफा (२) बमोजिम नगरपालिकाले लगाएको प्रतिबन्धको पालना नगर्ने उद्योगी, व्यवसायी वा त्यस्तो कार्य गर्ने स्थानीय व्यक्ति, संस्थालाई प्रमुखले पहिलो पटक भए रु. १० हजारसम्म र पटकै पिच्छे रु. २५ हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(७) दफा ७ को उपदफा (२) बमोजिम प्रमुखले दिएको आदेशको पालना नभएमा त्यस्तो व्यक्ति, संस्था वा निकायलाई प्रमुखले पहिलो पटक भए रु. ५ हजारसम्म र पटकै पिच्छे रु. १० हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(८) प्रमुखले दफा ७ को उपदफा (२) बमोजिम कारबाही गरेकोमा बारम्बार निज व्यक्ति, संस्थाबाट त्यस्तो कार्य पुनः भएमा दफा ७ को उपदफा (३) बमोजिम नगरपालिकाले त्यस्तो पशुपन्छी पाल्न वा व्यवसाय गर्न रोक लगाउनसक्नेछ ।

(९) दफा ८ बमोजिम नगरपालिकाले तोके अनुसार फोहरमैला ढुवानी नगर्ने व्यक्ति, संस्थालाई प्रमुखले पहिलो पटक भए रु. ५ हजारसम्म र पटकै पिच्छे रु. १० हजार सम्म जरिवाना र त्यस्तो व्यक्ति वा संस्थासँगको सम्झौता रद्द गर्न सक्नेछ ।

(१०) दफा १० को उपदफा (१) बमोजिम सडक, खुला नाला वा खुलारुपमा चर्पीको फोहर फाल्नेलाई प्रमुखले पहिलो पटकका लागि ५ हजार रुपैयाँ र त्यसपछि पटकै पिच्छे १० हजार रुपैयाँ जरिवाना गर्न सक्नेछ ।

(११) दफा ११ को उपदफा (३) बमोजिम अनुमति नलिई सार्वजनिक शौचालय निर्माण वा सञ्चालन गर्ने व्यक्ति, संस्था वा निकायलाई प्रमुखले पहिलो पटक भए रु. ५ हजारसम्म र पटकै पिच्छे रु. १० हजार सम्म जरिवाना गर्न सक्नेछ।

(१२) दफा १२ बमोजिम अस्पताल वा स्वास्थ्य संस्थाले गर्नुपर्ने कार्य नगरेमा प्रमुखले न्यूनतम पच्चीस हजारदेखि एक लाख पचास हजारसम्म जरिवाना गर्न सक्नेछ । साथै यस ऐनमा तोकिएभन्दा अन्य तरिकाले फोहर विसर्जन गरेको पाइएमा त्यस्तो संस्था बन्द गर्न आदेश दिन सक्नेछ ।

(१३) दफा १३ को उपदफा (१) बमोजिम फोहरमैला संकलन तथा सरसफाइ कार्यमा खटिएका जनशक्तिको त्रैमासिक रुपमा स्वास्थ्य परीक्षण नगर्ने स्वास्थ्य संस्थालाई प्रमुखले पटकै पिच्छे रु. पच्चीस हजार जरिवाना गर्न सक्नेछ ।

(१४) दफा १३ को उपदफा (२) बमोजिम फोहरमैला संकलन तथा सरसफाइ कार्यमा खटिएका जनशक्तिलाई सुरक्षा सामग्री उपलब्ध नगराउने स्वास्थ्य संस्थालाई प्रमुखले पटकै पिच्छे रु. १० हजारसम्म जरिवाना गर्न सक्ने छ ।

(१५) दफा १५ को उपदफा (५) बमोजिमको प्रमुखले दिएको आदेशको पालना नभएमा प्रमुखले देहाय बमोजिम गर्न सक्नेछ;

(क) त्यस्तो व्यक्ति, संघसंस्था वा निकायलाई सो कार्यबाट पुग्न गएको हानि नोक्सानी हुनुपूर्वको अवस्थामा ल्याउन लगाउने,

(ख) निज व्यक्ति, संघसंस्था वा निकायले तोकेको समयमा पूर्ववत् अवस्थामा नल्याएमा सो अवस्थामा ल्याउन लाग्ने खर्चको प्राविधिक मूल्याङ्कन गरी सो बराबरको रकम नगरपालिकामा जम्मा गर्न आदेश दिने,

(ग) खण्ड (ख) बमोजिमको आदेशको पालना नगर्ने व्यक्ति, संघसंस्था वा निकायलाई नगरपालिकाबाट प्रदान गरिने सेवा रोक्का गर्ने,

(घ) खण्ड (ख) बमोजिमको रकम जम्मा नगर्ने व्यक्ति, संघसंस्था वा निकायको चल अचल सम्पत्ति रोक्का गर्न सम्बन्धित निकायमा लेखी पठाउने,

(ङ) खण्ड (घ) बमोजिम रोक्का राख्नु पर्ने अवस्था भएकोमा खण्ड (ख) बमोजिम तोकिएको रकम सोही आर्थिक वर्षमा असूल उपर हुन नसकी अर्को आर्थिक वर्षमा असूल गर्नुपर्ने भएमा वार्षिक दश प्रतिशतका दरले थप जरिवाना समेत जोडजम्मा गरी नगरपालिकाले असूल गर्नु पर्नेछ ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

CamScanner

(१६) दफा ३० को उपदफा (१) बमोजिम वडाध्यक्ष समक्ष परेको उजुरी वा निवेदन उपर वडाध्यक्षले जाँच बुझ गर्दा उपदफा (१) बमोजिमको उजुरीमा उल्लेख भए अनुसारको कार्य भएको पाइएमा सम्बन्धित वडाको वडाध्यक्षले रु. पाँच हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(१७) उपदफा (१६) बमोजिम जरिवाना गर्दा पनि त्यस्तो कार्य बारम्बार गरेमा सो व्यहोरा खोली थप कारबाहीका लागी वडाध्यक्षले प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद -९

### टोल विकास संस्था र फोहरमैला व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

१९. **टोल विकास संस्थाको व्यवस्था:**(१) वडाले आफ्नो क्षेत्रको फोहरमैला स्रोतमा छुट्याइ घरपरिवार, टोल, सडक, नाला वा सार्वजनिक स्थान सफा राख्न प्रत्येक टोलमा टोल विकास संस्था वा सरसफाइ समितिलाई सक्रिय गराइ परिचालन गर्नु पर्नेछ ।

(२) टोल विकास संस्था वा सरसफाइ समितिको गठन तथा परिचालनका लागि वडा अध्यक्षले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(३) टोल विकास संस्था वा सरसफाइ समितिको आफ्नै एउटा कोष हुनेछ । जसमा देहाय अनुसारका रकम रहने छन्;

(क) टोलवासीको सदस्यता शुल्कबाट उठेको रकम,

(ख) चन्दादाताबाट प्राप्त रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान,

(घ) संघ संस्था वा अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(४) टोल विकास संस्था वा सरसफाइ समितिको कोषको सञ्चालन देहायका क्षेत्रमा गर्न सकिनेछ;

(क) सार्वजनिक स्थलको सरसफाइ,

(ख) सरसफाइमा संलग्न जनशक्ति व्यवस्थापन,

(ग) फोहरमैला व्यवस्थापन सम्वद्ध मेला, महोत्सव, अभियान सञ्चालन ।

(५) टोल विकास संस्थासरसफाई समितिको कोष सञ्चालन गर्दा साधारण सभा वा सदस्यहरूको भेलाको निर्णय अनुसार गर्नु पर्नेछ ।

(६) टोल विकास संस्था वा सरसफाइ समितिको गठन, परिचालन, वार्षिक साधारण सभा वा सदस्यहरूको भेला, पदाधिकारी चयन, विघटन तथा कारबाही सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. **टोल विकास संस्था वा सरसफाइ समितिको काम, कर्तव्य र अधिकार:**टोल विकास संस्था वा सरसफाइ समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ;

(क) बजार क्षेत्रको सरसफाइका लागि समुदाय तथा जनपरिचालन गर्ने,

(ख) टोलवासीले प्रयोग गर्ने गरेको सेप्टी ट्याङ्क लगायतबाट निस्कने फोहरमैलाको उचित व्यवस्थापन भए नभएको अनुगमन गरी उचित व्यवस्थापन गर्न लगाउने र त्यसरी उचित व्यवस्थापनमा असहयोग पुऱ्याउनेलाई कारबाहीका लागि वडामा लेखी पठाउने,

(ग) टोलवासी तथा टोलमा सञ्चालन हुने व्यवसायका लागि आवश्यक पर्ने धारा, पानी र विजुली जडान गर्न वडा कार्यालयमा सिफारिश गर्ने,

(घ) फोहरमैला व्यवस्थापन सम्वद्ध टोल सुधारका लागि आवश्यक पर्ने मेला महोत्सव सञ्चालनका लागि आवश्यक पहल गर्ने,

(ङ) टोल सुधारका लागि आवश्यक पर्ने अन्य कार्य गर्ने ।

२१. **फोहरमैला व्यवस्थापन समितिको गठन:**(१) फोहरमैला व्यवस्थापन सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति निर्धारण र अन्य आवश्यक कार्यहरूका लागि नगरपालिकामा देहाय बमोजिमको फोहरमैला व्यवस्थापन समिति रहनेछ ।

| | | |
|---|---|---|
| (क) | नगर प्रमुख | -अध्यक्ष |
| (ख) | नगर उपप्रमुख | -सदस्य |
| (ग) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) | कार्यपालिकाका सदस्यहरू मध्येबाट प्रमुखले मनोनीत गरेको एक जना महिला सहित दुई जना | -सदस्य |
| (ङ) | वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक | -सदस्य |
| (च) | स्थानीय व्यवसायीहरूको प्रतिनिधिमूलक संघ संस्थाका प्रतिनिधिहरू मध्ये प्रमुखले मनोनीत गरेका एक जना महिला सहित २ जना | -सदस्य |
| (छ) | प्रमुखले मनोनीत गरेको फोहरमैला प्रभावित क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरू मध्येबाट एक जना | -सदस्य |

(ञ) फोहरमैला व्यवस्थापनमा नगर क्षेत्रमा कार्य गर्ने निजी क्षेत्रको संस्थामध्येबाट प्रमुखले तोकेको एक जना सदस्य

(झ) फोहरमैला व्यवस्थापन र खानेपानी तथा सरसफाइ सम्बन्धित संस्थाहरू मध्येबाट प्रमुखले मनोनीत गरेको एक जना महिला सहित दुई जना -सदस्य

(ञ) शहरी विकास तथा योजना शाखा प्रमुख -सदस्य

(ट) नगरपालिकाले तोकेको फोहरमैला व्यवस्थापन सम्बन्धी विज्ञ एक जना -सदस्य

(ठ) टोल विकास संस्थाहरू मध्येबाट अध्यक्षले मनोनीत गरेको एक महिला सहित दुई जना -सदस्य

(ड) फोहरमैला व्यवस्थापन तथा वातावरण शाखा प्रमुख -सचिव

मनोनीत सदस्यको पदावधि चार बर्षको हुनेछ ।

२२. <u>फोहरमैला व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार:</u>(१) फोहरमैला व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

(क) फोहरमैला व्यवस्थापन सम्बन्धी आवश्यक नीति तर्जुमा गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने।

(ख) फोहरमैला व्यवस्थापन कार्यसँग सम्बद्ध निकायहरू बीच समन्वयका लागि नीतिगत व्यवस्था गर्ने ।

(ग) फोहरमैला व्यवस्थापनका लागि नगरपालिकाले शुल्क निर्धारण गर्दा आवश्यक पर्ने मापदण्ड तयार गरी नगर कार्यपालिकामा पेश गर्ने ।

(घ) एकिकृत रुपमा फोहरमैला व्यवस्थापन गर्न नगरपालिले कुनै लगानी गर्नुपर्ने अवस्थामा त्यस्तो लगानी गर्नुपर्ने रकमको प्रतिशत निर्धारण गर्ने ।

(ङ) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा कुनै अवरोध उत्पन्न भएमा सरोकारवाला पक्षहरूसँग छलफल गरी समाधान खोज्ने ।

(च) नगरपालिकाले आफनो क्षेत्रभित्रवाट संकलित फोहरमैलावाट सो क्षेत्रमा पर्न सक्ने वातावरणीय प्रभावलाई यथासक्य कम गरी प्रदुषण रहित ढंगले व्यवस्थापन गरिनेछ ।

(छ) फोहरमैला व्यवस्थापन तथा निष्काशन कार्यको नियमित अनुगमन गर्ने गराउने ।

(ज) संकलित फोहरमैला निष्काशन तथा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड अनुसार गर्ने ।

(झ) अनुगमन गर्ने कार्यका लागि आवश्यक भएमा प्राविधिक सहितको छुट्टै संयन्त्र निर्माण गरी कायदिश दिने ।

(ञ) फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक,सामाजिक,भौतिक विकास तथा वातावरणीय संरक्षणको गुरुयोजना बनाई सो योजना कार्यान्वयनको लागि विभिन्न कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।

(ट) तोकिए बमोजिम अन्य काम गर्ने ।

(२) समितिको बैठक छ महिनामाकम्तीमा एक पटक समितिका अध्यक्षले तोकेको मिति,समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(४) सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बैठकको निर्णय सामान्यत: सहमतिमा गरिनेछ । सहमति हुन नसकेमा बहुमतको आधारमा हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिले आवश्यक देखेमा फोहरमैला व्यवस्थापन सम्बन्धी कुनै विज्ञ वा पदाधिकारीलाई बैठकमाआमन्त्रण गर्न सक्नेछ ।

(७) समितिको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

(८) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिले फोहरमैला व्यवस्थापनका सम्वन्धमा अवलम्वन गर्नु पर्ने नीति निर्धारण,नगरको फोहरमैला व्यवस्थापन सम्वन्धी कार्य सुचारु एवँ सुव्यवस्थित ढंगले सञ्चालन गर्न आवश्यक निर्देशन एवँ सहजीकरण गर्न र फोहरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन नगरपालिका स्तरीय,वडास्तरीय र टोल स्तरीय फोहरमैला व्यवस्थापन समिति तथा उपसमितिहरू गठन गर्न सक्नेछ ।

२३. वडास्तरीय फोहरमैला व्यवस्थापन समिति:वडा स्तरमाफोहरमैला व्यवस्थापन सम्बन्धमा नगरपालिकाले अवलम्बन गरेको नीति एवं निर्णय कार्यान्वयनमा सहजिकरण एवं समन्वय गर्न देहाय बमोजिमको वडा स्तरियफोहरमैला व्यवस्थापन समिति रहनेछ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

CamScanner

(क) वडा अध्यक्ष -अध्यक्ष
(ख) वडा सदस्यहरू -सदस्य
(ग) वडा क्षेत्रमा फोहरमैला संकलन तथा व्यवस्थापन कार्यमा संलग्न निजी क्षेत्रको संस्थामध्येबाट वडा अध्यक्षले तोकेको एक जना सदस्य
(घ) टोल विकास संस्थाहरू मध्येबाट अध्यक्षले मनोनीत गरेको एक महिला सहित दुई जना -सदस्य
(ङ) प्रमुख प्रशासकीय अधिकृत प्रमुख -सचिव

मनोनीत सदस्यको पदावधि चार बर्षको हुनेछ ।

परिच्छेद-१०

विविध

२४. **फोहरमैला संकलन तथा सरसफाइ कार्यमा संलग्न जनशक्तिको स्वास्थ्य परीक्षण गराउनु पर्ने**:(१) फोहरमैला संकलन तथा सरसफाइ कार्यमा खटिएका जनशक्तिलाई त्यसरी काममा लगाउनेले त्रैमासिक रुपमा स्वास्थ्य परीक्षण गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) फोहरमैला संकलन तथा सरसफाइ कार्यमा खटिएका जनशक्तिलाई काममा लगाउनेले मास्क,पञ्जा, बुट,हेलमेट लगायतका सुरक्षा सामग्री उपलब्ध गराउनु पर्नेछ ।

२५. **फोहरमैला व्यवस्थापनको अनुगमन**: (१)नगरपालिकाले व्यक्ति, संघ संस्था, निकाय तथा व्यवसायीले गर्ने फोहोर व्यवस्थापन कार्यको नियमित अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा नगरपालिकाले आवश्यक कार्य योजना बनाइ लागू गर्न सक्नेछ ।

(३) उपदफा (१) अनुसार अनुगमनको क्रममा सुधार गर्नुपर्ने अवस्था देखिएमा नगरपालिकाले त्यस्तो व्यक्ति, संघ संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति, संघसंस्था वा व्यवसायीको कर्तव्य हुनेछ ।

(४) उपदफा (१) बमोजिम अनुगमनमा खटिनेले अनुगमन पश्चात सोको प्रतिवेदन तोकिएको ढाँचामा नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम गरेको अनुगमनमा निज व्यक्ति, संघसंस्था वा निकायले तोके बमोजिमको कार्य गरेको नपाइएमा नगरपालिकाले त्यस्तो व्यक्ति, संघसंस्था वा निकायलाई कुनै कार्य गर्न वा नगर्न आदेश दिन सक्नेछ ।

(६) उपदफा (४) बमोजिमको प्राप्त प्रतिवेदनमा औंल्याइएका विषयहरूको सुधार तथा कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(७) नगरपालिकाले यस दफा बमोजिम अनुगमन गर्ने कार्यका लागि प्राविधिक सहितको छुट्टै वडास्तरीय र नगरस्तरीय संयन्त्र निर्माण गरी तोकिए बमोजिम कायदिश दिन सक्नेछ ।

२६. **फोहरमैला व्यवस्थापन सेवा शुल्क सम्वन्धी व्यवस्था** : (१) नगरपालिकाले फोहरमैला व्यवस्थापन गरे बापत सम्वन्धित व्यक्ति,संस्था वा निकायवाट तोकिए बमोजिमको शुल्क उठाउन सक्नेछ ।

(२) नगरपालिकाले विपन्न बर्गलाई सेवा शुल्कमा तोकिए बमोजिमको छुट दिन सक्नेछ ।

(३) नगरपालिकाले निर्धारण गरे बमोजिमको शुल्क नगरपालिकाले वा तोकेको संस्था वा निकाय मार्फत उठाउन सक्नेछ । यसरी सेवा शुल्क असूलीमा परिचालन हुने संस्था,फर्मलाई नगरपालिकाले तोके बमोजिमको व्यवस्थापन खर्च उपलव्ध गराउन सक्नेछ ।

(४) फोहरमैला व्यवस्थापन गरेबापत प्राप्त हुने आम्दानी नगरपालिकाले छुट्टै कोषमा जम्मा गर्नेछ । उक्त रकम फोहरमैला व्यवस्थापन,वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थलको विकासमा खर्च गर्न प्राथमिकता दिनुपर्नेछ ।

(५) निजी क्षेत्रवाट फोहरमैला व्यवस्थापन हुने भएमा त्यस्तो नीजि क्षेत्रले नगर सभा वा नगर सभावाट प्राप्त अख्तियारी बमोजिम नगर कार्यपालिकावाट तोकिए बमोजिम शुल्क उठाउन सक्नेछ । त्यस्तो शुल्क बापत प्राप्त हुन आएको आम्दानी वितरण र लागत साझेदारी प्रकृया सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(६) शुल्क निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(७) कसैले पनि नगरपालिकाले तोकेको सेवा शुल्क भन्दा बढी शुल्क उठाउनगरपालिकाउने छैन ।

२७. **सेवा निलम्वन वा अन्त्य गर्न सक्ने** :(१)नगरपालिकाले तोकेको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्वन्धी सेवा निलम्वन वा अन्त्य गर्न सक्नेछ ।

(२) फोहरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति,संस्था वा निकायले सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्वन्धी सेवा निलम्वन वा अन्त्य गर्न सक्नेछ । यसरी सेवा निलम्वन वा अन्त्य गरीएमा नगरपालिकालाई जानकारी दिनुपर्नेछ ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

CS CamScanner

(३) सेवाको निलम्वन वा अन्य गरिएको अवस्थामा आफनो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्वन्धित व्यक्ति,संस्था वा निकाय आफैले गर्नुपर्नेछ ।

(४) सेवाग्राहीले बुझाउनु पर्ने सेवा शुल्क तथा अन्य शुल्क (जरीवाना) बुझाएमा निजलाई पुन: सेवा प्रदान गरिनेछ।

२८. <u>क्षमता विकास सम्बन्धी:</u>(१) नगरपालिकाले फोहरमैला व्यवस्थापन कार्यमा क्षमता विकासका कार्यहरू सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न नगरपालिकाले राष्ट्रिय तथा अन्तरराष्ट्रिय सहयोग लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको अन्तरराष्ट्रिय सहयोग लिनु पर्दा प्रचलित कानून बमोजिम संघीय सरकारको अनुमति लिनु पर्नेछ ।

२९. <u>रासायनिक विषादी सम्बन्धी व्यवस्था:</u> (१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नु पर्नेछ ।

(२) नगरपालिकाले जैविक उत्पादनयुक्त नगरपालिका बनाउने प्रयोजनका लागि कृषिमा प्रयोग हुने रसायनलाई पूर्णरूपमा रोक लगाउन सक्नेछ ।

(३) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रही नष्ट गर्ने जिम्मेवारी त्यस्तो रासायनिक विषादी आयात गर्ने वा कारोबार गर्ने सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ । मापदण्ड विपरीत नष्ट गरेमा तोकिए बमोजिम कारबाही हुनेछ ।

३०. <u>उजुरी दिन सक्ने :</u> (१) नगरपालिका क्षेत्र भित्र हुने कुनै पनि अनाधिकृत फोहर सम्वन्धी उजुरी वा गुनासो स्थानीय व्यक्ति,संघ संस्थाहरू,निकाय तथा जो सुकैले पनि लिखित मा मौखिक रुपमा वडामा समेत गर्न सक्नेछन् ।

३१. <u>फोहरमैला व्यवस्थापनमा संलग्न सामुदायिक संस्थाको अभिलेख स्वीकृति:</u> (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको फोहरमैला व्यवस्थापनमा काम गर्ने सामुदायिक तथा गैह्र सरकारी संस्थाहरूको अद्यावधिक विवरण राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिने विवरणमा त्यस्ता संस्थाले काम गरीरहेको क्षेत्र र प्रकृति,जनशक्ति,आर्थिक तथा प्राविधिक स्रोत तथा तोकिएको अन्य विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

३२. <u>स्वीकृतिलिनुपर्ने:</u> नगरपालिकाले कुनै विदेशी व्यक्ति,संघसंस्था वा दातृ निकायबाट सहयोग लिई फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा संघीय सरकारको पूर्व स्वीकृत लिनु पर्नेछ ।

३३. <u>पुरस्कार दिन सकिने:</u>(१)फोहरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाको विकास गर्ने,त्यस्तो कार्यलाई प्रोत्साहन गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान दिने व्यक्ति,संस्था र वडालाई नगरपालिकाले पुरस्कृत गर्न सक्नेछ ।

(२) यस ऐनको प्रतिकूल हुने गरी जथाभावी फोहरमैला स्वीकृति,थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाणसहित उजूरी दिने व्यक्तिलाई नगरपालिकाले सम्मान एवं नगद पुरस्कार दिन सक्नेछ ।

३४. <u>पुनरावेदन सम्बन्धी व्यवस्था:</u> (१) दफा १८ को उपदफा(१),(२), (३), (४), (५), (६), (७), (८), (९), (१०), (११), (१२), (१३), (१४) र उपदफा (१५) को खण्ड (क), (ख), (ग) बमोजिमको जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र कार्यपालिकामा निवेदन दिन सक्नेछ । सो सम्बन्धमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

(२) दफा १८ को उपदफा १६ बमोजिम वडाध्यक्षले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले १५ दिनभित्र नगर प्रमुख समक्ष निवेदन दिन सक्नेछ । प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

(३) दफा १८ को उपदफा (१५) को खण्ड (घ) र (ङ) बमोजिमको सजाय उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले ३५ दिनभित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३५ <u>नियम बनाउने अधिकार:</u> कार्यपालिकाले यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाइ लागू गर्न सक्नेछ ।

३६. <u>संशोधन र खारेजी:</u> यो ऐनमा आवश्यकता अनुसार संशोधन र खारेजी नगरसभाबाट हुनेछ ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

अनुसूची-१
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित
फोहरमैलाको वर्गीकरण

| साधारण फोहरमैला | | | हानिकारक फोहरमैला | |
|---|---|---|---|---|
| जैविक फोहर | अजैविक फोहोर | अन्य | स्वास्थ्य संस्थाजन्यफोहर | औद्योगिक फोहर |
| भान्साको फोहर,बचेको खाना,कागज तरकारी तथा फलफुलका बोक्रा,पात पतिंगर,धूलो, कसिंगर र यससँग सम्बन्धित ग्याँस, तरल तथा ठोस फोहरमैला | प्लाष्टिककासामान,कार्ड समिति,पेपर,प्याकेजिङ पेपर,शिसा,मेटल,जुत्ता, चप्पल,पूरानोकपडा यससँग सम्बन्धित तरल तथा ठोस फोहरमैला | निर्माणजन्यफोहरमैला,पशुपंछी जन्य यससँग सम्बन्धित ग्याँस, तरल तथा ठोस फोहरमैला | म्यादनाघेका औषधिहरू,सिरिन्ज,निडिल,धारिला हतियार एवं औजारहरू,पञ्जा, माक्स, स्यानिटरी प्याड, डाइपर,काटिएका शरिरका अंगहरू,रगतका पोका,ब्यान्डेज र यससँग सम्बन्धित ग्याँस, तरल तथा ठोस फोहरमैला | विषालु ग्याँस,खरानी,हेविमेटल,मर्करी,लिड,रंग,विषादीहरू,केमिकल, फर्टिलाईजर,सवारी साधनजन्य,पोलिस र यससँग सम्बन्धित ग्याँस, तरल तथा ठोस फोहरमैला |

आज्ञाले,
विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति २०७९।११।११

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३